# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, फाल्गुण ९ गते, २०८१ साल ( अतिरिक्ताङ्क ४७

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

## प्रदेश सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०८१

सार्वजनिक खरिद नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "प्रदेश सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ को अनुसूची १क. मा संशोधनः** प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ को अनुसूची १क. को द्रष्टव्यको खण्ड (घ) पछि देहायको खण्ड (ङ) र (च) थप गरिएको छः-

"(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिए बाहेक यस नियमावली बमोजिम लागत अनुमान तयार गर्दा वर्कचार्ज स्टाफ खर्च तथा सानातिना अन्य खर्च समावेश गरिने छैन।

तर निर्माण कार्य सम्बन्धी आयोजना वा कार्यक्रमको प्रकृतिका आधारमा वर्कचार्ज स्टाफ खर्च तथा सानातिना अन्य खर्च समावेश गर्नै पर्ने भए त्यस्तो आयोजना वा कार्यक्रम स्वीकृत गर्ने मन्त्रालय वा अन्तर्गतका निकायले सोको आधार र कारण स्पष्ट गरी वर्कचार्ज स्टाफ खर्च बापत बढीमा दुई प्रतिशत र सानातिना अन्य खर्चका लागि बढीमा दुई प्रतिशत रकम छुट्याई लागत अनुमान तयार गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(च) यो नियमावली लागु हुनु पूर्व कुनै मन्त्रालय वा अन्तर्गतका निकायले लागत अनुमान तयार गरी कार्यान्वयनमा रहेका निर्माण कार्य सम्बन्धी आयोजना वा कार्यक्रमका सम्बन्धमा त्यस्तो आयोजना वा कार्यक्रमको स्वीकृत वार्षिक बजेट रकमको अधिनमा रहेर खण्ड (ङ) बमोजिमको व्यवस्था लाई विचार गरी लागत अनुमान संशोधन गर्न बाधा पर्ने छैन।"

स्वीकृत मिति : २०८१।११।०९

आज्ञाले,
शंकर नेपाल
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**